नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# वैदेशिक रोजगार विभाग
(G to G सहजीकरण शाखा)

प.सं. ०८३/८४
चलानी नम्बर

ताहाचल, काठमाडौं

## सन् २०२४ को Random Selection मा नपरेका उम्मेदवार सम्बन्धी सूचना

नेपाल सरकार र इजरायल सरकारबीच भएको इजरायलको विशिष्ट श्रम बजारमा नेपाली कामदारको अस्थायी रोजगारीसम्वन्धी सम्झौताअन्तर्गत Long Term Care Giving क्षेत्रमा रोजगारीका लागि सन् २०२४ मा प्रकाशित विज्ञापनमा गोलाप्रथाबाट छनोट हुन नसकेका १,१५३ जना उम्मेदवारहरूको बारेमा पटक–पटक जिज्ञासा प्राप्त हुँदै आएको छ। यस सम्बन्धमा विगतमा यस विभागले इजरायलको Population and Immigration Board Authority (PIBA) सँग समन्वय गर्दा नयाँ भर्ना प्रक्रियामा सहभागी हुन इच्छुक उम्मेदवारहरूले Cambridge Upskill English Test उत्तीर्ण गरेको हुनुपर्ने स्पष्ट जानकारी गराएको छ। सोहीवमोजिम मिति २०८३/०२/१३ गते प्रकाशित विज्ञापनमा समेत "यसअघिको विज्ञापनमा लट्रीबाट छनोट हुन नसकेका उम्मेदवारहरूले सो विज्ञापनमा तोकिएको अङ्ग्रेजी भाषाको मापदण्डलगायत अन्य सर्तहरू पूरा गरी आवेदन दिन सक्नेछन्" भनी उल्लेख गराइसकिएको छ। अतः सन् २०२४ विज्ञापनमा गोलाप्रथाबाट छनोट हुन नसकेका उम्मेदवारहरूले समेत हाल प्रकाशित विज्ञापन अनुसार सहभागी हुन Cambridge Upskill English Test उत्तीर्ण गरी FERMS को Online प्रणालीवाट आवेदन दिनुपर्ने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८३-०६-१९

टेलिफोन नं: 01-4792616, 4792671, 4792648, 47927110, 4792658 फ्याक्स नं: 01-4792606
Email.: info@dofe.gov.np, israelsec@dofe.gov.np, website: www.dofe.gov.np